# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै
www.missionenews.com
अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

वर्ष-२ | अंक-४७ | २०७५ जेष्ठ २३ गते बुधबार | 6 jun 2018 Wednesday | मूल्य रू. १०/-

## कर्णाली करिडोर:नेपाली सेनाको चट्टानसंग पौठेजोरी

**मिसन न्यूज**

**कालिकोट-**कर्णाली करिडोर नेपाली सेनाले निर्माण गरिरहेको छ। भौगोलिक अवस्थाका कारण करिडोर निर्माण भने त्यति सहज छैन। नेपाली सेनाको सडक निर्माण कार्य दलले कर्णाली करिडोरको अधिकांस चट्टाने भिर छिचोल्दै आफ्नो काम अघि बढाएको छ । सेनाले लालिघाटकदेखि कालिकोट रबाजुराको सीमाना हिल्सासम्म ३८ किलोमिटर सडक निर्माण गरेको छ । वर्षौसम्म अलपत्र परेको सडक नेपाली सेनाले ट्र्याक खोलेपछि कर्णालीवासीको मुहारमा खुसीको सीमा छैन ।

कर्णाली करिडोरमा सडक निर्माणको गतिले निरन्तरता पाउँदा कर्णालीवासीको गाडी चढ्ने सपना साकार हुने भएको छ । दुई दशकसम्म अलपत्र परेको कर्णालीकरिडोर सेनाले निर्माण गर्न थालेपछि तिव्र गतिमा निर्माण भईरहेको हो । कालिकोटको खुलालु जिरो प्वाइन्ट रहेको करिडोरमा ३८.५ किलोमिटर सडक निर्माण गरिएको सडक निर्माण कार्य दलका प्रमखु मजेर मिलन कार्कीले बताए । खुलालु भिडको २ किलोमिटर बाहेकको कालिकोट खण्डको पुरै ट्र्याक खोलिएको मेजर कार्कीले बताए । प्राविधिक कठिनाइएले २ किलोमिटर सडक निर्माण हुन सकेको छैन । कर्णाली करिडोर अन्तर्गतको खुलालुदेखि हुम्ला सिमीकोटसम्म १९६ किलोमिटर सडकको लम्वाइ रहेको नेपाली सेनाको निर्माण कार्यदलले जनाएको छ । ४० किलोमिटर मात्र सडक कालिकोट खण्डमा रहेको जसमा खुलालुको २ किलोमिटर मात्र ट्र्याक खोल्न बाँकी रहेको छ । अन्य ठाउँमा निर्माण कार्य पुरा भएको भुक्का खोलाको भीर फोडेमा भएको छ । कर्णाली करिडोर निर्माण कार्य सम्पन्न भए देशकै नमुना प्रदेशका रुपमा मुहार फेरिने छ । कालिकोट देखिको दुरी हेर्दा पहिलाको तुलनामा निर्माणको गति निकै बढ्दो छ। कर्णाली करिडोर अन्तर्गतको हिल्सा-सिमकोटखण्ड छोटिँदै गएको छ। ९५ किलोमिटर लम्वाइ भएको यो खण्डमा



नेपाली सेनाद्वारा निर्मित कर्णाली करिडोर स्थित नानीकोटको सिलाजित भिर ।

करिब ७० किलोमिटरसम्म गाडी संचालन गर्न सकिने नेपाली सेना निर्माण कार्यदलले बताएको छ। कर्णाली करिडोर निर्माणका लागि नेपाल सरकारले १ अर्ब ४८ करोड ११ लाख १६ हजार बजेट व्यवस्थापन गरेको थियो । कर्णाली करिडोरको १ सय ४५ किलोमिटर खुलालुदेखि हुम्लाको सलीसल्ला सम्म नेपाली सेनालाई निर्माणको जिम्मा दिइएको छ। **कर्णालीको मुहार फेरिँदै** -रोग भोक र गरिबीले उदाहरण बनेको कर्णाली अब भने समृद्धिको परिचय दिने हिल्सादेखि दक्षिण नाम्खा गाउँपालिकाको ओखरथलासम्म १५ किलोमिटर सडकमा ट्र्याक खुलेपछि गाडी आवतजावत गर्न थालेका छन्। करिडोरको सान्नीगाडमा 'बेलिब्रिज' निर्माण भएपछि कालिकोटमा गाडी संचालनमा सहज भएको छ । हुम्लामा बेलीब्रिज हुँदा हिल्सादेखि ओखरथलासम्म गाडी चल्न सहज भएको छ । ओखरथलामा गत वर्षमै ट्र्याक खुलिसकेको थियो । यसअघि कर्णाली नदीको पुल नबन्दा हिल्सादेखि

**बाँकी ८ पृष्ठमा..**

## सीमा विवाद समझदारी नजिक

**मिसन न्यूज**

**कालिकोट-**कालिकोट र अछाम जिल्लाको सिमा विवाद समस्या सामाधान गर्न समझदारी बनेको छ । लामो समयदेखि दुई जिल्लाको सिमा क्षेत्रमा विवाद उत्पन्न भएपछि व्यापक छलफल गरी समझदारी जुटेको हो । अछामको पंचदेवल विनायक नगरपालिका र कालिकोटको नरहरिनाथ गाउँपालिको सिमा क्षेत्रमा विवाद चुलिएको थियो । उक्त विवाद सामाधान गर्न दुई वटै स्थानीय तह र जिल्लाका सरोकारवाला विच संवाद भएको छ । अछाम पंचदेवलन विनायक नगरपालिका ८ र ९ नम्वर वडा र कालिकोट नरहरिनाथ गाउँपालिका ८ र ९ वडाको सिमानामा पर्ने स्थानमा विवाद चलिएको थियो । अछाम र कालिकोट सिमा क्षेत्रमा पर्ने दुई वटै स्थानीय तहको बेड्डे ढुङ्गाको छेउहुँदै कर्णाली नदिमा पर्ने किलाभिडसम्म सिमा क्षेत्रको समस्या उत्पन्न भएको नरहरिनाथ गाउँपालिका अध्यक्ष धिरबहादुर बिष्टले बताए। सिमा समस्या समाधानका लागि दुई वटै जिल्लाको प्रतिनिधित्व हुने गरी समिति गठन भएको छ । जिल्ला समन्वय समिति कालिकोटका प्रमुख अनिपाल शाही, जिल्ला समन्वय समिति अछामका प्रमुख नरबहादुर कुवर, पंचदेवल

**बाँकी ८ पृष्ठमा..**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**शुभकालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# कम्युनिष्ट एकता र चिन्तनहरु



**ललिजन बम**

नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक क. पुष्पलाल श्रेष्ठले वि.सं. २००६ साल बैशाख १० गतेका दिन नेपाल कम्युनिष्ट पार्टी स्थापना गर्नु भएको थियो । नेपालमा राणाशासनको अन्त्यका लागि र प्रजातान्त्रिक आन्दोलनकै सन्दर्भमा कम्युनिष्ट पार्टीको जन्म भएको थियो। वि.सं. २००६ सालबाट शुरु भएको नेपाल कम्युनिष्ट आन्दोलन ६९ वर्ष लामो इतिहासको कालखण्डमा अनेकौ आन्दोनल तथा राजनीतिक संघर्षहरु, अनेकौं विचार दृष्टिकोण भएको हामी पाउँछौं ।

अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलन कै प्रभावबाट हो वा नेपालली कम्युनिष्ट आन्दोलक नै गतिविधिबाट होस जेहोस नेपाली जनताकै लागि गरिएका क्रान्तिहरु वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनले अत्यन्तै ठुलो महान र ऐतिहासिक उपलब्धीहरु प्राप्त गरेको छ । किन भने नेपाली कम्युनिष्ट आन्दोलनमा देखा परेका सैद्धातिक चिन्तनहरुको आज एकरुपता महशुस भएको छ । नेपाली कम्युनिष्ट आन्दोलनको अग्रिम नेतृत्व गरिरहेका २ ठुला कम्युनिष्ट पार्टी एमाले माओवादी विच पार्टी एकता २०७५ साल जेष्ठ ३ गतेका दिन पार्टी नेपाल कम्युनिष्ट पार्टी घोषणा भएको छ । आज नेपाली राजनीतिकमा कम्युनिष्ट आन्दोलनको नया युग प्रारम्भ भएको छ । नेपाली कम्युनिष्ट आन्दोलनको लामो यात्राको इतिहासमा विचार दृष्टिकोणमा मतभेद राख्दै आएका पार्टीहरुको वैचारिक तथा सैद्धान्तिक एकताको लागि सामुहिक विचारलाई यहाँ प्रस्त गर्न खोजिएको छ ।

**माओवादीका सैद्धान्तिक चिन्तनहरु**

विश्व कम्युनिष्ट आन्दोलनमा माओवाद सैद्धान्तिक चिन्तनको अत्यन्तै महत्व छ। मार्क्स र लेलिनले दिनु भएको सौन्दर्य चिन्त्वनलाई क. माओले पुर्याउनु भएको योगदानलाई अत्यन्तै महत्वका साथ हेरिन्छ । वर्तमान विश्वमा पुजिवादी चिन्तन र मार्क्सवादी चिन्तन विच द्वन्द्वात्मक अन्तरविरोध रही आएको छ । आजको यस जटिल परिस्थितिमा माओवादी सैद्धान्तिक चिन्तनको महत्वलाई नेपाली कम्युनिष्ट आन्दोलनमा प्रभाव र यसको समाज परिवर्तनमा क्रान्तिको ठुलो भुमिका रहेको छ। वि.सं. २०४६ सालमा निरंकुश पञ्चायती तानाशाही व्यवस्थाका विरुद्ध प्रजातान्त्रिक शक्तिहरुले जनआन्दोलन मार्फत बहुदलीय प्रजातन्त्रको घोषणा गरिएको थियो । राजतन्त्रात्मक बहुदलीय प्रजातन्त्रको २०४७ को संविधानलाई अस्विकार गरिएका कम्युनिष्ट पार्टीले भने माओवादका सैद्धान्तिक चिन्तनलाई विचारका रुपमा माओवादी पार्टीको २०५१ सालमा स्थापना गरेका थिए । शसस्त्र विद्रोहको तयारी गरी २०५२ सालमा जनयुद्धको घोषणा गरियो। नेपाली जयाँ जनवादी क्रान्तिको कार्यदिशालाई स्वीकार गर्दै एक्काइसौ सताब्दिको जनवादलाई नेपाली क्रान्तिको मौलिक हकका रुपमा वर्ग संघर्षका कार्यक्रमहरु तय गरिएका थिए । यस आन्दोलनमा महिला, दलित, किसान, मजदुर, पिछडिएको वर्ग जनजानी समुदाय प्रत्यक्ष संलग्न थिए। नेपाली सामाजको सही अन्तर विरोधलाई पहिचान गरी वर्गसंघर्षको माध्यमबाट गणतन्त्र स्थापनाका लागि ठुलाठुला वर्ग संघर्षका कार्यक्रम भएका थिए। नेपालमा हुकुमी राजतन्त्र र नोकरशाही प्रजातन्त्र अन्त्यका लागि माओवादी क्रान्ति भने निर्णायक मोडमा पुगेको थियो। दरबार हत्याकाण्ड र शाही घोषणाले सबै खोले प्रजातान्त्रिक शक्तिहरु बाहिरिनु पर्यो । वार्तामा माओवादीले अघि सारेका एजेण्डमा १२ बुदे सहमती भई २०६२।६३ को जनआन्दोलन सफल भएको थियो । नेपालमा एक दशक लामो माओवादी विद्रोह अन्ततः शान्तिपुर्ण राजनैतिकमा अवतरण गरिएको थियो । संविधान सभाको निर्वाचन र संविधान निर्माणको एक दशक लामो सहमतीबाट नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रान्मक संविधान जारी गरिएको छ । नेपालमा दुई दशक लामो राजनीतिक क्रान्तिमा ओवादी विद्रोहको एक ऐतिहासिक कार्यभार पुरा गरेको छ । नेपाली कम्युनिष्ट आन्दालमा माओवादीका दृष्टिकोण र चिन्तनको अत्यन्तै महत्व राख्दै आएको छ। माओवादी सौन्दर्यता चिन्तनसम्म आईपुग्दा नेपालको सन्दर्भमा भन्नु पर्दा बहुदलिय संसदीय व्यवस्थालाई पनि आत्मसाथ गरेको छ । विश्व कम्युनिष्ट आन्दोलनको इतिहासमा माओवादको चिन्तन र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा माओवादीको विचार मौलिक दृष्टिकोणबाट त्रान्ति सम्पन्न भएको मानिन्छ । माओवादी विचारको आधारमा सर्वहारा श्रमजीवि जनताको क्रान्तिकारी जनवादी अधिनायकत्व गर्न चाहान्छ।

तर नेपालको सन्दर्भमा लोकतान्त्रिक पुजिवादसँग वैचारिक दृष्टिकोणबाट समाजवादको परिकल्पना गरिएको छ। कार्लमाक्र्ले भन्रुनु भएको थियो 'क्रान्तिकारी आचरण जसमा आत्मपरक र वस्तुपरक तत्वहरुको सिद्धान्त र व्यवहारको एकता स्थापित गरिन्छ र परिस्थितिमा परिवर्तन दुवै साथ साथ जारी रहन्छ । वस्तुगत र आत्मागत सिद्धान्त र व्यवहारको एकता हुन्छ ।

बाँकी ७ पृष्ठमा..

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥
खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कालिकोट

**जनहितमा जारी सन्देश**

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

**मिसन न्यूज**
राष्ट्रिय साप्ताहिक
MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
सम्पादकः पवित्र शाही
प्रवन्ध सम्पादकः निर्मला शाही
कम्प्युटर अप्रेटरः लिलाराज संज्याल
बजार ब्यवस्थापकः निशा शाही
कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट
इमेलः missionnewsp@gmail.com
फोन नं. ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३

मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट
www.missionenews.com

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधैं ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पचाल झरना गाउँपालिकाको कार्यालय
कालीकोट

# कर्णालीको जुम्ली स्याउले समृद्धितिर लम्किँदै

**मिसन न्युज**

**सुर्खेत-जुम्ला** – केही वर्षअघिसम्म रहरले स्याउ लगाउने जुम्ला, पातारासी की चैती बिष्ट अहिले व्यावसायिक कृषक बनेकी छन। उनको बगैंचामा स्याउका करिब चार सय बिरुवा छन। ७० वर्षीया बिष्टलाई ढल्किँदो उमेरमा पनि फलखेतीले उत्तिकै व्यस्त बनाएको छ। 'पहिले स्याउ लगाएर मात्र के गर्नु, बिक्री गर्ने ठाउँ हुन्थेन,' उनी भन्छिन् 'अहिले त ग्राहक घरमै आउँछन्, बिक्री नभए पनि सेलार स्टोरमा राखेर बेसिजनमा बिक्री गर्छौं। दशकअघि सुर्खेत-जुम्ला सडक खुलेपछि कर्णालीको स्याउले बजार पाउन थालेको हो। त्यसअघि जुम्ला, मुगु र कालिकोटमा उत्पादित स्याउ बगैंचामै सड्थ्यो। सडकलगायत पूर्वाधार र अन्य सुविधा पुगेसँगै कर्णालीमा चैतीजस्ता थुप्रै स्थानीयबासी स्याउसँग जोडिएका छन। उनीहरूको आर्थिक हैसियत पनि माथि उठेको छ। सरकारले प्रोत्साहनको नीति लागू गरेपछि परम्परागत रूपमा थोरै स्याउ लगाउने किसान व्यावसायिक खेतीमा लागेका छन्। उत्पादन ह्वात्तै बढेको छ। सुर्खेतस्थित क्षेत्रीय कृषि निर्देशनालयका अनुसार आर्थिक वर्ष २०७३-७४ मा कर्णाली प्रदेशमा १८ हजार ६ सय ५० टन स्याउ उत्पादन भएको थियो। यसले एक अर्ब ४९ करोड २० लाख रुपैयाँ कमायो। चालु आर्थिक वर्षको पूर्ण विवरण नआए पनि उत्पादन बढेको निर्देशनालयका अधिकृत पूर्णबहादुर थापा बताउँछन्। 'स्याउ खेतीमा सरकारले पनि थुप्रै लगानी गरेको छ, सेवासुविधा पुग्दा किसान पनि उत्साही छन्,' उनले भने, 'यसको प्रभावले कर्णाली क्षेत्रमा स्याउखेती फस्टाएको छ।' करिब दशकअघि सुर्खेत-जुम्ला सडक खुलेपछि कर्णालीको स्याउले बजार पाउन थालेको हो। त्यसअघि जुम्ला, मुगु र कालिकोटका ग्रामीण क्षेत्रमा उत्पादन हुने स्याउको ठूलो मात्रा बगैंचामै सड्थ्यो। केही स्याउ कौडीको भाउमा जिल्ला सदरमुकाममै बिक्री हुन्थ्यो। पहुँचवाला व्यवसायीले मात्र जहाजबाट सुर्खेत, नेपालगन्जसम्म पुर्‍याउँथे। जुम्लामा मात्र गत वर्ष ३ हजार ४ सय ५० टन स्याउ उत्पादन भएको थियो। त्यसबापत जिल्लामा करिब १६ करोड रुपैयाँ भित्रिएको जिल्ला कृषि विकास कार्यालयको भनाइ छ। कृषिविकास अधिकृत भरतप्रसाद कँडेल स्याउखेती बर्सेनि बिस्तार हुँदै गएको बताउँछन्। जुम्लामा एक नगरपालिका सहित सातै गाउँपालिका स्याउखेतीका लागि उपयुक्त मानिन्छन्। पूर्वाधार विस्तारसँगै स्याउको बजारीकरण सहज भएपछि जुम्लामा 'एक घर, एक स्याउ बगैंचा' अभियान जोडतोडसाथ चलेको छ। जिल्ला कृषि विकास कार्यालयका अनुसार जिल्लामा ३ हजार १ सय हेक्टर जमिनमा स्याउखेती छ। अहिले भने ९ सय हेक्टरमा मात्र स्याउ फल्छ। पछिल्लो समय रोपिएका बिरुवा हुर्किँदै गरेकाले उत्पादन हुन केही समय लाग्ने कँडेल बताउँछन्। सरकारले प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजनाअन्तर्गत जुम्लालाई स्याउ सुपरजोन छनोट गरेको छ। यसले स्याउको व्यवस्थापन र बजारीकरणमा सहयोग पुग्नुका साथै व्यावसायिक स्याउखेती प्रवर्द्धनमा टेवा पुगेको छ। 'अब त किसानले स्याउ उत्पादन गरे पुग्छ, बजारको कुनै समस्या छैन,' उनी भन्छन्, 'यही गतिमा खेती विस्तार भए भोलि समृद्धिको पहिलो आधार स्याउ हुने निश्चित छ।' आयोजनाको संयोजनमा जुम्लाको स्याउ सुर्खेत, नेपालगन्ज, बुटवल, चितवन, काठमाडौं पुग्ने गरेको उनले बताए। स्याउले कर्णालीमा थुप्रैलाई सफल उद्यमी

बाँकी ८ पृष्ठमा.....



स्याउ फार्ममा स्याउ टिप्दै स्थानीय कृषक।


## नेपाल सरकार
## केन्द्रीय तथ्याङ्क विभाग
### आर्थिक गणना कार्यालय कालिकोटको अनुरोध

यही मिति २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, व्यापारब्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्थालगायत राजनीतिक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउँदै छन्। आ-आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौँ। तपाईहरुले दिनुभएको विवरणहरु तथ्याङ्क ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन्। निर्धक्क भई यस गणनामा सहभागी बनौं।

नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग
जिल्ला आर्थिक गणना कार्यालय कालिकोट



## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाऔँ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकोट



## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट



## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
कालिकोट

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**

**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**
**सुचना विभाग**

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुर्‍याऔं, गरिबी न्यूनिकरण गरौं ।**

**पलाँता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**रास्कोट नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

# स्वास्थ्य

## के बच्चालाई पनि हुन्छ मधुमेह ? यी कुरा जान्नैपर्छ

अहिले घर-घरको समस्या बनेको छ, मधुमेह । अक्सर हामी सोच्छौं, यो त वयस्क एवं बृद्धबृद्धाको रोग हो । तर, तपाईले कति हेक्का राख्नु भएको छ, बालबालिका पनि अहिले मधुमेहको जोखिममा पर्दैछन् । सामान्यत उमेर धेरै भएका मानिसलाई मात्रै मधुमेहको रोग लाग्छ भन्ने आमधारणा छ । तर, बच्चाहरु र किशोरकिशोरीलाई पनि मधुमेह लाग्ने क्रम बढ्न थालेको छ । भर्खर भर्खरै मधुमेह रोग लागेको थाहा भएको बच्चाहरु र किशोरकिशोरीहरुलाई आफ्नै भावनात्मक प्रतिक्रिया र अरुले उनीहरुमाथि गर्ने प्रतिक्रियाहरुबाट संर्घष गर्नुपरेको हुन सक्छ । र, उनीहरुलाई विद्यालय जान पनि मन नलाग्न सक्छ । त्यस्तै मधुमेह भएका किशोरकिशोरीहरुले साथीसँग यौन, मदिरा, धुमपान र विभिन्न लागुपदार्थको प्रयोगजस्ता कुरामा धेरै चिन्ता व्यक्त गर्न सक्छन् । कुनै बच्चा वा किशोरकिशोरीलाई मधुमेह भएको थाहा भएपछि त्यसको लागि समायोजन गर्न केहि सयम लाग्छ । उनीहरुलाई ब्लड ग्लुकोज रुटिन बनाउनुपर्ने हुन्छ, इन्जेक्टिङ गर्नुपर्ने हुन्छ र कसरी कार्वोहाइड्रेट काउन्ट गर्ने भन्ने कुरा बुझ्नपर्ने हुन्छ । त्यस्तै मधुमेहको स्वास्थकर्मीसँग नियमित भेट्नुपर्छ र तलमाथि भइराख्ने ब्लड ग्लुकोज लेभलसँग लड्नुपर्छ । **जब बालबालिकालाई मधुमेहले गाँज्छ-** मधुमेह भएका बच्चाहरुको लागि प्रत्येक दिन संर्घषपूर्ण हुन्छ । मधुमेह भएका बच्चाहरु सामान्यतया यी कुरामा चिन्तित हुन्छन् । आमाबुबाहरुले यी कुरामा ख्याल गर्नुपर्छ । १. उनीहरुलाई परिवारले भारको रुपमा लिएको जस्तो सोच्ने गर्छन् ।, २. उनीहरु बिरामी भएको जस्तो हिसाबले व्यवहार गरिन्छ जसले



उनीहरुलाई नराम्रो महसुस गर्छ । ३. खानाको बारेमा बारम्बार सोधिने, स्वास्थ्य कस्तो छ, इन्सुलिन लिए कि लिएनन् भन्ने बारेमा सोधिने हुनाले दिक्क मान्न सक्छन् ।, ४. परिवारबाट थप हेरचाह पाउने भएकाले अरु भाइबहिनीमा इर्ष्याको भावना आउँछ ।, ५. बच्चा वा ठूला सबैलाई डायबिटिजको कारणले सधै रिस उठ्ने, नराम्रो लाग्ने र दिक्क लाग्ने कुरा सामान्य हो । किनभने डायबिटिज लामोसमयसम्म रहिरहने अवस्था हो त्यसैले यसको लागि जीवनभर व्यवस्थापन गर्नुपर्छ ।, ६. यदि बच्चाहरु उनीहरुको डायबिटिज म्यानेजमेन्टको लागि सघर्ष गर्दैछन् भने उनीहरुल निराश भएको चिन्तित भएको हुन सक्छन् । उनीहरुलाई डायबिटिजको हेल्थ केयर टिमबाट सहयोगको आवश्यकता हुन सक्छ ।

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# कर्णालीलाई १० वर्षमा समृद्ध बनाउन सुझाव

मिसन न्यूज



सुर्खेत - आर्थिक वर्ष २०७५र०७६ को नीति तथा कार्यक्रमका बारेमा प्रदेश सरकार र विज्ञबीच भएको छलफलमा कर्णाली प्रदेशलाई अबको १० वर्षभित्र समृद्ध बनाउने विषयमा सुझाव दिइएको छ । राजधानी वीरेन्द्रनगर सुर्खेतमा विभिन्न क्षेत्रसँग सम्बन्धित विज्ञसँग प्रदेश सरकारले शुक्रबार मानव विकास सूचकांकसहित हरेक सूचकमा सबैभन्दा पछि देखिँदै आएकाले योजना तय गर्ने र आव ०७५र०७६ को नीति तथा कार्यक्रमको पूर्वतयारी गर्ने ध्येयले छलफल चलाइएको मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले बताए। छलफलमा पूर्वसचिव बालानन्द पौडेलले संविधानले दिएको अधिकार क्षेत्रमा रहेर सामाजिक तथा भौतिक पूर्वाधारको विकासलाई सँगसँगै लैजान सके प्रदेश सरकारको आशातीत लक्ष्य पूरा हुने बताए। राष्ट्रिय पुनःनिर्माणका पूर्वप्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले कृषि क्षेत्र, कर प्रणाली, सम्पत्तिको हक र एकीकृत बस्ती विकासका लागि कर्णाली प्रदेश सरकारले तयार गर्नुपर्ने खाकाका विषयमा सुझाव दिए। नेपाली सेनाका पूर्वरथी बालानन्द शर्माले जुनसुकै सरकार र तहगत संरचनाको पूर्वतयारी नै विपद् व्यवस्थापन मुख्य योजना हो भने। प्रहरी अतिरिक्त महानिरीक्षक सुरेन्द्रबहादुर शाहले संघीयतामा प्रहरीको पुनःसंरचना, प्रदेश प्रहरी ऐन तथा कानूनका विषयमा कार्यपत्र प्रस्तुत गर्दै संविधानप्रदत्त अधिकारलाई आत्मसात् गर्दै प्रदेश प्रहरी ऐन बन्ने बताए। नीति फाउण्डेसनका कार्यकारी निर्देशक मोहनदास मानन्धरले कर्णाली प्रदेश सरकारलाई विकास, आवधिक, वार्षिक योजना, नीति, बजेट तथा कार्यक्रमका लागि गन्तव्य पहिचान, स्रोत, आकांक्षा, दूरदर्शिता र त्यसको समयावधिलाई प्रमुख आधार बनाएर अघि बढ्न सुझाए। छलफलमा कर्णाली प्रदेशसभाका सदस्यले अब बन्ने नीति, कानून र योजनाले विकासको प्राथमिकीकरण र यहाँका नागरिकको आवश्यकता पूरा गर्ने आधार बनाउनुपर्ने सुझाव दिएका थिए। छलफलमा आएका कुरा नीति तथा कार्यक्रममा समेटिने कर्णाली प्रदेश सरकारका प्रमुख सचिव रामप्रसाद थपलियाले जानकारी दिए। रासस


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔँ ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## तिलागुफाको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालीकोट**

## रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।**

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

*एक घर एक करेसावारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**

## सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# कम्युनिष्ट एकता

अनि मात्र क्रान्तिकारी गतिविधि पनि परिस्थिति अनुरुप परिवर्तन गर्नु यो नै क्रान्तिकारी आचरण हो ।' लोकतान्त्रिकक मुल्यमान्यता अनुसार माओवादको विचारलाई कम्युनिष्टहरु एक दलिय अधिनायकत्वको पक्षमा हुन्छ भनी आशंका पनि गरिएका छन् । जनताको जनवादी व्यवस्थाको परिकल्पना गरिएता पनि नेपालको सन्दर्भमा लोकतान्त्रिक प्रतिष्पर्धाको राजनीतिकलाई स्वीकार गरिएको छ।

**माओवादीका सैद्धान्तिक आधारहरु**

- संविधान सभा
- संघीयता
- गणतन्त्र
- धर्म निरपेक्षता
- समानुपातिक समावेशी
- वैचारिक विचारको क्रमभङ्गता

**एमालेका सैद्धान्तिक चिन्तनहरु**

नेपाली कम्युनिष्ट आन्दोलनमा एमालेका सैद्धान्तिक चिन्तनहरु पनि अत्यन्तै महत्वका साथ हेरिएको छ । संसदीय प्रजातन्त्रको पक्षमा लेलिनले भन्नु भएको थियो । राजनीतिक स्वतन्त्रताले मेहनतकस जनतालाई तुरुन्त गरिबबाट मुक्त गर्दैन तर यसले मेहनतकस जनतालाई गरिवी हटाउन संघर्ष गर्न एउटा हतियार दिन्छ ।' संसदीय प्रजातन्त्रको अध्यासबाट कम्युनिष्ट पार्टीले जनतालाई संगठित गरी क्रान्तिकारी वर्गको बहुमत प्राप्त गरी जनवादी वर्गको समाज निर्माणको महत्वपुर्ण अवसरको रुपमा मानिन्छ । यिनै सैद्धान्तिक विचारका आधारमा नेपाली कम्युनिष्ट आन्दोलनका अनेकौ घटना, परिघटना तथा प्रजातान्त्रिक आन्दोलना विशिष्ट अनुभव तथा अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा पुर्ण सोभियत संघ र पूर्वी युरोपमा भएको समाजवादको विघटनका अनुभवबाट बहुदलीय प्रतिस्पर्धाको शासन प्रणालीलाई नेपाली त्रान्तिको सिद्धान्तका रुपमा क. मदन भण्डारीले पाचौं राष्ट्रिय महाधिवेशन वि.सं. २०४९ मा प्रस्तुत नेपाली क्रान्तिको कार्यक्रम 'जनताको बहुदलीय जनवाद' एक महत्वपुर्ण विचार प्रस्तुत गर्नु भएको थियो । मार्क्सवाद लेलिनवादको सिर्जनात्मक प्रयोग र जनताको बहुदलीय जनवाद, सिद्धान्त, कार्यक्रम र नीति नै पार्टी निर्माणको मुख्य वैचारिक आधार हो । नेपाली कम्युनिष्ट आन्दोलनको नेतृत्वदायी भीमका निवर्वाह गरेको सैद्धान्तिक आधार जनताको बहुदलीय जनवादलाई विश्व भरिक कम्युनिष्ट पार्टीहरुले सैद्धान्तिक चिन्तन गरिउको भेटिन्छ । क. मदन भण्डारीले भन्नु भएको छ 'अधिनायकत्व वर्गीय राज्यको प्रश्न हो विश्व कम्युनिष्ट आन्दोलनमा वर्गको अधिनायकत्वलाई पार्टी र अफ व्यक्तिको तहमा प्रयोग गर्ने केही अनुचित कुराहरु भएका छन् ।

नेपालमा राणाशासनका विरुद्धमा वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा कम्युनिष्ट पार्टीको सहभागी र सामन्तवादी पञ्चायती व्यवस्थाका विरुद्ध वि.सं. २०४६ सालमा वाम मोर्चाको सक्रियतामा बहुदलीय व्यवस्थाको स्थापना, देशमा प्रजातान्त्रिक आन्दोलन पटक पटक हुँदै आए नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा बहुदलीय जनजादकका छन् । बहुदलीय व्यवस्था पछिको माओवादी शसस्त्र विद्रोहलाई शान्ती पूर्ण वार्ताको माध्यमबाट राष्टलाई निकास दिने उद्देश्यले मध्यस्तरका संमन्वयकारी भुमिका निर्वाह गरी बहुदलीय खुल्ला समाज र बहुदलीय प्रतिष्पर्धाको प्रणाली अनुरुप लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थाका लागि २०६२।०६३ सालको जनआन्दोलनमा नेतृत्वदायी भुमीका

**बहुदलीय जनवादका मौलिक विशेषताहरु**

-कम्युनिष्ट पार्टीको लोकतान्त्रिकरण
-कम्युनिष्ट आन्दोलनको लोकतान्त्रिकरण
-राज्य सत्ताको लोकतान्त्रिकरण
-अर्थतन्त्रको लोकतान्त्रिकरण

नेपाली राजनीतिकको मौलिकतमलाई औचित्य प्रदान गरेको छ ।

**एमालेका सैद्धान्तिक आधारहरु**

- संविधानको सर्वोच्चता
- बहुदलीय प्रतिस्पर्धाको प्रणाली
- शक्ति पृथकिकरणको सिद्धान्त
- लोकतान्त्रिक गणतन्त्र
- सामाजिक न्याय र सुरक्षा
- जनताको बहुदलीय जनवाद

**पार्टी एकताका सैद्धान्तिक दृष्टिकोण**

- विचारको एकता
- संगठित एकता
- कार्यशैलीमा एकता

नेपाली कम्युनिष्ट आन्दोलनले उठाउँदै आएका नेपाली क्रान्तिका कार्यक्रम बहुदलीय जनवाद वा एक्काईसौं शताब्दीको जनवाद आज हाम्रो जस्तो कमजोर मुलुकमा पुजिवादी क्रान्ति सम्पन्न भएको छ । **लेखक : बम एमाले कालिकोटका जिल्ला कमिटी सदस्य हुन ।**


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकोको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाें जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**कर्णालीको जुम्ली स्याउले**.................................

बनाएको छ। शून्य लगानीबाट व्यवसाय सुरु गरेका उनीहरू 'करोडपति' बनेका छन् । तिलागुफा नगरपालिका-११, कालिकोटका टेकबहादुर शाही त्यस्तै एक प्रतिनिधिपात्र हुन् । दशकअघि सुर्खेत-जुम्ला सडकको ट्र्याक खुलेसँगै स्याउखेती थालेका उनी अहिले 'करोडपति' किसानका रूपमा परिचित छन् । उनको स्याउ व्यवसाय लोभलाग्दोसँग हुर्केको छ । तीनवटा बगैंचामा दुई हजार स्याउका रूख छन् । तीमध्ये ८ सय ३० रूखले फल दिन्छन् । उनी थुप्रैपटक जिल्ला र क्षेत्रीयस्तरको उत्कृष्ट किसानबाट सम्मानित भइसकेका छन् । २०७३ सालमा त राष्ट्रपति उत्कृष्ट पुरस्कार बाटै सम्मानित भए । उनको पहिचान कर्णाली प्रदेशकै उत्कृष्ट स्याउ किसानका रूपमा दरिएको छ। आम्दानी पनि उस्तै आकर्षक छ ।

**कर्णाली करिडोर**................................

तुम्कोटसम्म ३८ किलोमिटर मात्र गाडी गुड्ने गरेका थिए । हिल्सा सिमीकोट सडकखण्डको ९ किलोमिटर मात्र निर्माण हुन बाँकी रहेको छ। **समृद्धिको प्रमुख आधार करिडोर**-कर्णाली करिढडोर निर्माण पुरा भए कर्णाली प्रदेशकै आर्थिक समृद्धिको प्रमुख आधार सडक हुने छ। भौगोलिक विकटताले पछि परेको कर्णालीका विकट जिल्लामा सडकको पहुँच पुगे पछि आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा सडक रहेको छ। कर्णाली प्रदेशको विकासको मुख्य गेट कर्णाली करिडोर भएको यहाँका जानकारहरु बताउँछन्। सात वटा प्रदेश मध्यकै छिमेकी देशसँग नाका नखुलेको प्रदेश कर्णाली हो । नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा घोषित गरेको बहुचर्चित कर्णाली करिडोरमा गाडी गुड्दा अब कर्णाली समृद्धीको यात्रामा अघि बढेको यहाँका जानकारहरुको बुझाइ छ । कर्णाली करिडोरले चीनसँगको सीमाना जोडिएको हुम्लाको हिल्सादेखि भारतसँग सीमाना जोडिएको बाँकेको जमुनाहसम्म उत्तर दक्षिण जोड्ने सबैभन्दा छोटो दुरीको सडक बन्ने छ। यसको कुल लम्बाई ५ सय ३० किलोमिटर रहने छ। सडकखण्ड निर्माण भए भारतबाट हुम्लाको मानसरोवर आउने पर्यटकको लागि अत्यान्तै छोटो दुरी सडक बन्ने छ । आन्तरिक र बाह्यपर्यटकका लागि निकै राम्रो र छोटो दुरीको कर्णाली राजमार्ग हुनेछ । करिडोर निर्माण भए पर्यटन र ब्यापारका दृष्टिकोणले तीन देशिय ट्रान्जिट विन्दु बन्ने भएकोले विकासको दृष्टिकोणले पछाडि परेको कर्णालीको बास्तविक पहिचान हुने कर्णालीवासीको भनाई छ । कर्णाली करिडोर निर्माण पुरा भएपछि कर्णालीमा कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन लगायतका विकासका पूर्वाधारहरुमा राम्रो विकासले फड्को मार्ने देखिन्छ ।

**सीमा विवाद**.............................................

विनायक नगरपालिका अछामका नगर प्रमुख देवराज देवकोटा, नरहरिनाथ गाउँपालिका कालिकोटका अध्यक्ष धिरबहादुर बिष्टलगायतका समितिमा रहेका छन्। दुई वटै जिल्लाका विषयगत कार्यालय बन, नापी र मालपोत कार्यालय प्रमुख समेत समितिमा रहेका छन् । सिमा समस्या समाधान गर्न दुई वटै जिल्लाका जिम्मेवार व्यक्तित्वहरुको सयुक्त समिति बनेको विनायक पंचदेवल नगरपालिका उपप्रमुख अम्बिका चलाउनेले बताइन् । कालिकोट र अछामको सिमा क्षेत्रमा पर्ने कर्णाली नदीको खुलालु पुल नजिकैका स्थानीय विच सिमानाको विवाद भए पनि छिटै समस्या समाधान हुने कालिकोटका प्रमुख जिल्ला अधिकारी चन्द्रनाथ गौतमले बताए। २०५० साल पौस ४ गते अछाम र कालिकोटको सिमा निर्धारण सम्वन्धमा तत्कालिन दुवै जिल्लाका सांसद, जनप्रतिनिधि र प्रमुख जिल्ला अधिकारी विच सहमति जुटेको थियो । स्थानीय अधिकारीहरु दुवै तर्फका सरोकारवाला विच व्यपाक रुपमा छलफल र बैठक वसी समझदारी जुटाउन पुरानै निर्णय कार्यान्वय गर्ने समझदारी भएको छ।

## ज्ञानमाला

१ विश्वकै इतिहासमा सबैभन्दा उचाईको स्थानमा मन्त्रिपरिषदको बैठक नेपालका कालापत्थरमा कहिले बसेको थियो ?

- वि.सं २०६६ मंसिर १९

२ नेपालमा पहिलो टेस्ट्युब बेबीको जन्म कहिले भएको हो ?

- वि.सं २०६१ फागुन २० गते

३ नेपालमा सर्वप्रथम स्थापना भएको पार्टी कुन हो ?

- नेपाल प्रजा परिषद

४ सन् २०१५ जनवरीमा अस्ट्रेलियामा सम्पन्न एसिया कप फुटबल प्रतियोगिताको उपाधि कसले जित्यो ?

- अस्ट्रेलिया

५ दार्जिलिङमा नेपाली भाषीहरुको छुट्टै राज्य निर्माणका लागि सञ्चालित गोर्खाल्याण्ड आन्दोलनका नेता सुवास घिसिङको निधन कहिले भयो ?

- वि.सं २०७१ माघ १५ गते

६ तपसी महागुरु फाल्गुणानन्दलाई कहिले राष्ट्रिय बिभुति घोषणा गरिएको हो ?

- वि.सं २०६६ मंसिर १६ गते

७ अठारौं सार्क शिखर सम्मेलनले वन व्यवस्थापन, विपद व्यवस्थापन , नदी तटीय क्षेत्र व्यवस्थापन, र जलवायु अनुसन्धान केन्द्रलाई एकापसमा गाभी कुन केन्द्र बनाएको छ ?

- सार्क वातावरण तथा प्रकोप व्यवस्थापन केन्द्र


**क्षयरोग (टि.बी.) का लक्षणहरु**

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु । २. साझँ पख सधै ज्वरो आउनु । ३. खाना खान मन नलाग्नु । ४. तौल(वजन) घट्नु । ५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालीकोट**



**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषताहरु

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्रीउत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५,९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे**.............

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यवहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**